# गण्डकी राजपत्र

गण्डकी गाउँपालिकाद्वारा प्रकाशित

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७

खण्ड : ४ संख्या : १० मिति : २०७७/०३/१०

**भाग : २**

**गण्डकी गाउँपालिका**

# अध्याय १

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७

## परिचय

नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई आत्मसात गरिएको छ भने यसलाई मौलिक हक र राज्यका निर्देशिक सिद्धान्तहरुमा पनि व्याख्या गरिएको छ । नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्यहरु र विभिन्न कानूनी दस्तावेजहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई सम्बोधन गर्दै राष्ट्रिय प्राथमिकतामा राखिएको छ । यसै कार्यलाई गाउँपालिकामा कार्यान्वयन गर्न महिला तथा बञ्चितीमा परेको वर्गहरुलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी विकास गर्न विभिन्न सरोकारवाला निकायहरुले विभिन्न प्रयास गर्दै आइरहेका छन् ।

विकेन्द्रित प्रकृया अनुरुप स्थानीय स्तरको योजना र कार्यक्रम तर्जुमाका सबै चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवम् मूलप्रवाहीकरणका प्रकृयामा आवश्यक समन्वय कायम गराउनुका साथै सहकार्यका लागि प्रतिवद्धता व्यक्त भएका छन । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रका विकासका लागि आवधिक र बार्षिक योजना तर्जुमा गर्दा महिला र बालबालिका तथा पिछडिएको समुदायको विकासको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ ।

नेपालको संविधानले समानताको हक अन्तर्गत ***सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका*** महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका

लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भनी यी वर्गको हितमा विशेष कार्यक्रम संचालन गर्न सकिने भनी व्याख्या गरेको छ ।

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसाँस्कृतिक विशेषतायुक्त देश हो । प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक , सन्तुलित र न्यायसँगत प्रगति हुन सके मात्रै मुलुकमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ ।

समाजमा विद्यमान लैङ्गिक, जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी, आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न नेपाल सरकारद्धारा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा लैगिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त विभिन्न प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्ने प्रयासलाई निरन्तरता दिदै सरकार, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको सहयोग परिचालन गरी उल्लेख्य कार्यहरु भएका छन् ।

सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य समेतमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई प्राथमिकताका साथ सम्बोधन गरिएको छ ।

नेपालमा विगत दुई दशकदेखि क्रमिकरूपमा नीतिगत परिवर्तन र उल्लेख्य सुधारहरू भएका छन् । तथापि विभिन्न सामाजिक समूहका मानिसको विकास सूचकहरूमा र राजनीतिक तथा प्रशासनिक शक्तिको पहुँचमा व्यापक अन्तर रहेको पाइन्छ । महिला, दलित, जनजाति, मधेशी तथा मुस्लिम समुदाय आर्थिक अवस्था, स्वास्थ्य, शिक्षा, रोजगारीका सूचकहरू र राजनीतिक सहभागितामा पछाडि परेका छन् । जातजाति, जनजाति तथा भौगोलिक स्थानहरू सबैमा नेपालको मानव विकास सूचकाङ्कको आधारबाट महिला तथा बालिकाहरूको अवस्था पुरुष तथा बालकहरूको तुलनामा न्यून रहेको छ । महिला, बालबालिका, पछाडि परेको वर्गहरुको विकासमा नेपाल सरकार, दातृ निकाय र समाजका विभिन्न निकायले उल्लेख्य कार्यहरु गरेता पनि यी वर्गहरुको जीवनमा सारभूत परिवर्तन आउन अझ धेरै बाँकी छ ।

यी विविध तथ्यहरुलाई मध्यनजर राखी महिला, बालबालिका, पछाडि परेको वर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याई समावेशी विकास गर्न यस गण्डकी गाउँपालिकाले विगतदेखि प्रयास गर्दै आइरेहेको छ ।

गण्डकी गाउँपालिकाको नीति तथा कार्यक्रमहरुलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न

गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखाहरु र वडा कार्यालयहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति एकै किसिमको हुनु पर्ने आवश्यकता ठानेको छ । यस गाउँपालिका क्षेत्रभित्र कार्यक्रम संचालन गर्ने अन्य विकास साझेदार र सामुदायिक संस्थाहरुबाट संचालन हुने कार्यक्रमहरुले आ- आफ्नो ढंगबाट लैङ्गिक समानता र सामाजिक समावेशीकरणको नीति र रणनीति बनाई कार्यक्रमहरु कार्यान्वयन गर्दा कार्यक्रममा दोहोरोपना हुने, कार्यान्वयन गर्न अप्ठयारो हुने र कार्यक्रमको प्रभावकारितामा कमी आउने देखिएकाले यी निकायहरुबाट संचालन हुने कार्यक्रम / आयोजनाहरुको लागि मार्गदर्शन हुने गरी यस गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति बनाउने उद्धेश्य राखी यो नीति तयार गरेको छ । यस नीतिका प्रमुख उपयोगकर्ताहरू गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, विकास साझेदारहरु र समुदायस्तरका संस्थाहरू हुनेछन् ।

## दीर्घकालीन सोंच

जातीय, क्षेत्रीय र लैंगिक भेदभाव मुक्त समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

## लक्ष्य

लैंगिक तथा सामाजिक समतामूलक विकासको माध्यमबाट लैङ्गिक तथा सामाजिक सम्वन्धमा सुधार ल्याई गरिबी न्यनीकरण गर्ने ।

## उद्देश्य

- यस गाउँपालिका अन्तर्गतका कार्यपालिकाको कार्यालय, विषयगत शाखा, वडा कार्यालय तथा विकास साझेदार र सामुदायिक संस्थाहरुलाई संस्थागत एवम् कार्यक्रमगत रुपमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्नु ।
- संस्थागत एवम् कार्यक्रमगत रूपमा समावेश गर्ने गरी लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी अवधारणालाई सुनिश्चित एवं प्रभावकारी रूपमा लागू गर्नु ।
- महिला, बालबालिका, गरिब तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील, उत्तरदायी, जबाफदेही हुन सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्नु ।
- सरोकारवालाहरूलाई वार्षिक/आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणको विषयमा संवेदनशील, उत्तरदायी, जफावदेही हुन अभिप्रेरित गर्नु ।
- स्थानीय जनता विशेष गरी महिला, बालबालिका, गरिब तथा वञ्चितीकरणमा परेका समूहका मानिसहरूको क्षमता विकास गरी यी वर्गहरुको स्थानीय तहको विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास

प्रक्रियालाई संस्थागत गर्नु ।

- यो नीति र रणनीतिको कार्यान्वयनले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई गाउँपालिकाको कार्यक्रममा दिगो रूपमा मूलप्रवाहीकरण गर्नु ।

## प्रमुख नीतिहरु

- पछाडि परेका वा पारिएका वर्ग, समुदाय र क्षेत्रका जनताको विकासका लागि कार्यक्रमहरुलाई कार्यान्वयन गरी समानुपातिक विकास गरिनेछ ।
- विकासलाई सामाजिक समावेशीकरण र लैंङ्गीकीकरण गरिदै लगिनेछ ।
- महिला, बालबालिका, दलित, आदिवासी जनजाति, उत्पीडित, विपन्न वर्ग, अपाङ्ग तथा पिछडिएका क्षेत्रका जनताको समानुपातिक सहभागितातर्फ कार्य गरिनेछ ।
- महिला, बालबालिका, दलित, आदिबासी जनजाति, विपन्न वर्ग तथा पिछडिएको वर्गहरुको सशक्तीकरण गर्दै लगिनेछ ।
- महिला, बालबालिका, आदिबासी जनजाति, मानव अधिकारलगायतका क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय घोषणाका प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ ।

## *रणनीति*

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण एकांकी रूपमा हुन सक्तैन । यसका लागि विकेन्द्रित शासन प्रणाली, कुशल सेवा प्रवाह र संस्थागत संयन्त्रको आवश्यकता पर्दछ । विकेन्द्रीकरण, सहभागितात्मक विकास र सामाजिक वहसकै प्रक्रियाबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई सम्बोधन गर्न सकिन्छ । यस रणनीतिमा गाउँ पालिकाका कार्यक्रमको समग्र संरचना र कार्यक्रमले सुधार गर्न चाहेको क्षेत्र भित्र पर्ने कार्यप्रणालीलाई अरु बढी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन आवश्यक व्यवस्था गरेको छ ।

## *स्थानीय शासनका लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिहरु निम्न बमोजिम हुनेछन् :*

१. स्थानीय शासन प्रक्रियामा सबै सामाजिक समूहका नागरिकहरूको अधिकाधिक सहभागिता सुनिश्चित गर्न संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त निर्धारण गर्ने ।

२ स्थानीय तहमा विद्यमान लैङ्गिक तथा सामाजिक विभेद कम गर्न सामुदायिक सचेतना र सशक्तीकरणको निमित्त सामुदायिक संस्थाहरु (महिला, बञ्चितीकरणमा परेका वर्गहरुको समुह, पारा लिगल, फेडरेसन, बाल क्लब र निगरानी समुह आदि) को परिचालन गरी लैङ्गिक तथा सामाजिक भेदभाव न्यूनीकरण गर्ने ।

३. बञ्चितीकरणमा परेका वर्गहरुको क्षमता अभिवृद्धि गरी स्थानीय सरकारमा समावेशी विकास

प्रक्रियालाई संस्थागत गर्ने ।

४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) का लागि संस्थागत तथा व्यक्तिगत दुबैथरी क्षमता विकासका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्ने ।

५ स्थानीय सरकारको सेवा प्रवाह संयन्त्र तथा प्रक्रिया लैंगिक तथा सामाजिक समावेशी मैत्री हुने गरी सुधार गर्ने ।

६ स्थानीय शासनसँग सम्बन्धित विभिन्न नीतिहरूको लैससासको दृष्टिकोणबाट पुनरावलोकन तथा विकासमा जोड दिने ।

७. लैंगिक उत्तरदायि बजेट परिक्षण (Gender Responsive Budget Audit), लैंगिक समानता तथा समाजिक समाबेशीकरण (Gender Equality and Social Inclusion) परिक्षण का कार्यक्रमहरु बार्षिक रुपमा गाँउपालिकाले संचालन गर्ने र उक्त परिक्षणबाट प्राप्त थप सुधारात्मक कार्यहरु कार्य योजना सहित गर्दै जाने ।

८. लैंगिक समता तथा सामाजिक समाबेशीकरण संग सम्बन्धित उपलब्धिहरुलाई असल अभ्यासका रुपमा अगाडि बढाउन गाँउपालिकाको वेबसाईटको अधिकत्म प्रयोग गर्ने ।

९. गाँउपालिकाद्धारा तयार गरिने आवधिक योजनाहरु, बार्षिक योजनाहरु, क्षेत्रगत योजनाहरु र अन्य दिर्धकालिन एंब अल्पकालिन योजनाहरु लैससास मुलप्रबाहिकरण मैत्री हुने छन् ।

१०. लैससास परिक्षण एबं लैंगिक उत्तरदायि बजेट परिक्षण द्धारा प्राप्त क्रियाकलापहरु सहितको कार्य योजना कार्यान्वयन गरिने छ ।

आज्ञाले,
पुरण गुरुङ
प्रमुख प्रशासकीय अधिकृत